म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्ष:१४ अङ्क:- १५३ २०८० वैशाख १४ गते बिहीबार 27 April 2023, Thursday - पृष्ठ ८ मूल्य रू. ५/-

**जग्गा बिक्रिमा**

हेटौंडा उपमहानगरपालिका–९ गुम्बाचोक नजिकै १० (दश) धुर जग्गा र चौघडामा १०.५ (साढे दश धुर) को दुई टुक्रा घडेरी बिक्रीमा रहेकोले आवश्यक पर्ने व्यक्तिले तुरुन्त सम्पर्क गर्नु होला ।


सम्पर्क नं.
९८५१३३२३८०, ९८०११८६७०९

### जघन्य अपराधमा प्रहरीलाई पार्टीको ध्यानाकर्षणपत्र

# दबावमा पर्दिनाः प्रहरी प्रमुख, अचम्मित छुः अधिकारकर्मी



*राास्वपा मकवानपुरले प्रहरीलाई बुझाएको ध्यानाकर्षणपत्र । प्रहरी प्रवक्ता कार्कीलाई ध्यानाकर्षणपत्र बुझाउँदै रास्वपा मकवानपुरका नेताहरु ।*



राष्ट्रिय स्वतन्त्र पार्टी
NATIONAL INDEPENDENT PARTY
जिल्ला कार्यसमिति: हेटौंडा, मकवानपुर
स्थापना: २०७९

पत्र संख्या: १
चलानी नं.: ११४

मिति: २०८०/०१/१२

श्रीमान प्रमुख ज्यु,
जिल्ला प्रहरी कार्यालय
मकवानपुर, हेटौंडा

विषय:- ध्यानाकर्षण सम्बन्धमा ।

[illegible]

सभापति
भरत पराजुली
राष्ट्रिय स्वतन्त्र पार्टी
मकवानपुर

समाज संवाददाता

हेटौंडाः बलात्कार जस्तो जघन्य अपराधसम्बन्धी मुद्दामा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) मकवानपुरले मकवानपुर प्रहरीलाई ध्यानाकर्षणपत्र बुझाएको छ । बलात्कारको अभियोगमा पक्राउ परेका ईन्द्रप्रसाद बन्जारा (रमेश) को मुद्दामा रास्वपा मकवानपुर जिल्ला सभापति भरत पराजुलीको हस्ताक्षर भएको ध्यानाकर्षणपत्र बुधबार रास्वपा मकवानपुरका नेताहरुको एक समूहले जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रवक्ता प्रहरी नायव उपरीक्षक टेकबहादुर कार्कीलाई बुझाएका छन् ।

गत चैत ३० गतेका दिन एक महिलाले आफूमाथि बलात्कार गरेको आरोप लगाउँदै बन्जाराविरुद्ध प्रहरीमा उजुरी दर्ता गराएका थिए । प्रहरीले चैत ३० गते नै बन्जारालाई पक्राउ गरी हिरासतमा राखेर अनुसन्धान गरिरहेको छ । प्रहरीले अनुसन्धान गरिरहेको मुद्दामा पार्टीले ध्यानाकर्षण बुझाएको विषयमा मकवानपुर प्रहरी प्रमुख बामदेव गौतमले कसैको दबाव र प्रभावमा रहेर मुद्दाको अनुसन्धान प्रभावित नहुने स्पष्ट पार्नुभयो । प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको र कसैको पक्ष या विपक्षमा नभई निश्पक्ष भएर अनुसन्धान गर्छौं ।

कानुनले दिएको जिम्मेवारी प्रहरीले पूरा गर्ने बताउनुहुँदै प्रहरी उपरीक्षक गौतमले भन्नुभयो, "प्रहरीले कसैको दबाव, प्रभाव, आग्रह, पूर्वाग्रह परेर काम गर्दैन । जिल्ला प्रहरी कार्यालयले ९१ वटा मुद्दामा अनुसन्धान गरिरहेको छ । यो मुद्दामा पनि अनुसन्धान अधिकृत तोकेर अनुसन्धान गरिरहेका छौं ।" बलात्कार जस्तो जघन्य अपराधमा राजनीतिक दलले ध्यानाकर्षणपत्र बुझाएकोप्रति माइती नेपाल मकवानपुरकी माया लामाले आश्चर्य प्रकट गर्नुभएको छ । बुधबार साँझ समृद्ध समाजसँग कुरा गर्नुहुँदै अधिकारकर्मी लामाले भन्नुभयो, "अहिलेसम्म यसरी कुनै राजनीतिक दलले बलात्कारको घटनामा ध्यानाकर्षणपत्र बुझाएको थाहा छैन । राज्यका निकायले अनुसन्धान गरिरहेका बेला लिखित नै ध्यानाकर्षणपत्र बुझाउनु आश्चर्यको विषय हो ।"

रास्वपा मकवानपुरले सञ्चार माध्यममा आएका समाचार सीसीटीभी फुटेजका आधारमा बन्जारालाई सुनियोजितरुपमा फसाउन खोजको भन्दै गम्भीर ध्यानाकर्षण भएको जनाएको छ । "समाचारमा उल्लेख र अन्य सामग्री हेर्दा पत्रकार बन्जारालाई सुनियोजित रुपमा फसाउन खोजेको भन्ने जनगुनासो जनस्तरबाट आएको, घटना प्रकृतिहरु हेर्दा पुराना विभिन्न बदलाभाव जस्तो देखिएकोले हाम्रो गम्भीर ध्यानाकर्षण भएको छ ।" सभापति भरत पराजुलीले प्रहरीलाई बुझाएको ध्यानाकर्षणपत्रमा उल्लेख छ । "समाचार लेखेकै भरमा विभिन्न प्रपन्च रची फसाउन खोजेको भन्ने जनगुनासो आएकोले यस घटनाको सत्यतथ्य छानविन र अनुसन्धान सुक्ष्मरुपले र समयमै गर्न, गराउन राष्ट्रिय स्वतन्त्र पार्टी जोडदार माग गर्दछ ।" ध्यानाकर्षणपत्रमा उल्लेख छ ।

रास्वपा मकवानपुरका सभापति भरत पराजुलीले बुधबार साँझ समृद्ध समाजसँग कुरा गर्दै भन्नुभयो, "बन्जाराका अनेक कमजोरी र गल्ती होलान् तर यो घटनामा फसाउन खोजिएको, फसाइएको छ । उ निर्दोष छ भने फस्नु हुन्न, फसाइनु हुन्न भनेर प्रहरीको ध्यानाकर्षण गराइएको हो ।" यसै विषयमा रास्वपाका केन्द्रीय सदस्य समेत रहनुभएकी हेटौंडाकी एसिड पीडित विन्दबासिनी कंशाकारले ध्यानाकर्षणपत्रको विषयमा आफूले बुझ्ने बताउनुभएको छ ।

# हिउँदे अधिवेशन अन्त्य

समाज संवाददाता

हेटौंडाः बागमती प्रदेश सरकारले प्रदेशसभाको हिउँदे अधिवेशन अन्त्य गर्ने निर्णय गरेको छ । बुधबार बसेको प्रदेश मन्त्रिपरिषद् बैठकले यस्तो निर्णय गरेको प्रदेश सरकारका प्रवक्ता एवम् आन्तरिक मामिला तथा योजनामन्त्री गंगानारायण श्रेष्ठले जानकारी दिनुभयो ।

बैठकले प्रदेश सरकारी कामकाजको भाषासम्बन्धी विधेयकको मस्यौदा तयारीका लागि सैद्धान्तिक स्वीकृति पनि दिएको छ । बागमती प्रदेशमा सरकारी कामकाजको भाषा नेपालीसँगै तामाङ र नेवारी (नेपाल भाषा) कार्यान्वयन गर्न बनेको तयारी समितिले आइतबार मुख्यमन्त्री शालिकराम जम्कट्टेललाई प्रतिवेदन बुझाएको थियो । यस्तै बैठकले युवा वैज्ञानिक कोष सञ्चालन विधेयकको मस्यौदा तयारीको सैद्धान्तिक स्वीकृति दिएको छ ।

यस्तै बैठकले बागमती प्रदेश सुशासन केन्द्रको कार्यकारी निर्देशकमा चितवनका गोपालकृष्ण न्यौपाने नियुक्त गर्ने निर्णय गरेको छ ।

# एकै दिन २५ मुद्धा फैसला

समाज संवाददाता

हेटौंडाः जिल्ला अदालत मकवानपुरले सोमबार २५ वटा मुद्धा फैसला गरेको छ । ५८ मुद्धा पेशी रहेकोमा २५ वटा मुद्धा फैसला भएको हो । २७ वटा मुद्धामा आदेश र ६ वटा मुद्धा स्थगित भएको जिल्ला अदालत मकवानपुरले जनाएको छ ।

न्यायाधीश ऋषिराम निरौलाको इजलाशमा १२ मुद्धा पेशी परकोमा ७ वटा मुद्धा फैसला भएको र ५ वटा मुद्धा आदेश भएको छ । न्यायाधीश राजेन्द्र अधिकारीको इजलाशमा २१ वटा मुद्धा पेशी परेकोमा ५ फैसला, १३ आदेश र ३ वटा मुद्धा स्थगित भएको छ । न्यायाधीश श्रीप्रसाद सञ्जेलको इजलाशमा १४ वटा मुद्धा पेशी परेकोमा ७ वटा मुद्धा फैसला, ५ वटा आदेश र २ वटा मुद्धा स्थगित भएको छ । यस्तै, न्यायाधीश मनकुमारी जीएम विकको इजलाशमा ११ वटा मुद्धा पेशी परेकोमा ६ वटा फैसला भएको, ४ वटा आदेश र एउटा मुद्धा स्थगित भएको छ ।

परेका मुद्धामध्ये लेनदेनको ४ वटा मुद्धा, ज्यान मार्ने उद्योगको एउटा मुद्धा, बैंक भौचर लेनदेनको एउटा मुद्धा, सम्बन्धविच्छेदको २ वटा मुद्धा, जालसाजीको २ वटा मुद्धा, फैसला बदर को एउटा मुद्धा तथा चेक अनादरको २ वटा मुद्धा रहेका थिए । यस्तै, दुषित राजीनामा लिखित दर्ता २ वटा मुद्धा, बण्डा मुचुल्का तामेली पर्चासमेत बदर तथा दाखिला खारेज निर्णय पर्चा बदर एउटा मुद्धा, रोक्का ३ वटा मुद्धा, अंश सम्बन्धविच्छेद जीवनयापन खर्च दिलाई पाउँ एउटा मुद्धा, अंश दर्ता चलान ३ वटा मुद्धा, लागूऔषध एउटा मुद्धा र जेष्ठ नागरिक सम्बन्धी ऐनबमोजिम कैद सजाय छुट गरिपाउँ एउटा मुद्धा फैसला भएको छ ।

यस्तै, मंगलबार ५७ ओटा मुद्धा पेशी परेकोमा १५ वटा मुद्धा फैसला भएको थियो । उक्त दिन १८ मुद्धा आदेश र ११ वटा स्थगित भएको हो । फैसला भएको मुद्धामध्ये साम्बन्धविच्छेदको ३ वटा, रोक्का निवेदनको मुद्धा ३ वटा र अंश सम्बन्धविच्छेद ३ वटा मुद्धा रहेका छन् । पछिललो सयम रोक्का सम्बन्धविच्छेदको मुद्धा धेरै आएको देखिएको छ ।

# तरकारी बेच्न परिचयपत्र अनिवार्य

तुलसीपुरः तुलसीपुर उपमहानगरपालिकाले कृषिजन्य वस्तु बिक्री वितरणका लागि परिचयपत्र अनिवार्य गरेको छ । स्थानीयस्तरमा उत्पादन गरिएका कृषिजन्य वस्तुको बजारीकरणका लागि अनिवार्य परिचयपत्र वितरण गर्न लागिएको हो ।

स्थानीय उत्पादन बिक्री वितरण गर्ने लक्ष्यअनुरुप यो कार्य अगाडि बढाइएको उपमहानगरपालिकाका कृषि महाशाखा प्रमुख धनराज गौतमले बताए । 'अहिले बजारमा भारतबाट आएको तरकारी र बाहिरबाट आएका व्यापारीको वर्चश्व रहने गरेको छ', उनले भने, 'त्यसले गर्दा स्थानीय उत्पादनले बजार पाउन सकेको छैन, यसलाई ध्यानमा राखी परिचयपत्र लागू गरेका हौं ।'

तुलसीपुरका १९ वटै वडाले सम्बन्धित वडाका किसानलाई सूचीकृत गर्न आह्वान गरेको छ । किसानलाई परिचयपत्र वितरण गरिएसँगै बिहान ४ देखि ८ बजेसम्म तुलसीपुर बजारमा तरकारी बेच्न पाउने भएका छन् । तर परिचयपत्र नभएकालाई बिक्री वितरण गर्न दिइनेछैन । कृषिजन्य वस्तुको बिक्री वितरणका लागि वडा नम्बर १२ मा हाटबजारको व्यवस्था गर्न लागिएको छ । (स्रोतः अनलाइनखबर)

# जिल्ला प्रशासनमा टोकन प्रणाली



*टोकन लिएर टोकन प्रणालीको शुरुवात गर्नुहुँदै प्रजिअ पाण्डे ।*

समाज संवाददाता

हेटौंडाः जिल्ला प्रशासन कार्यालय मकवानपुरमा पहिलो पटक टोकन प्रणालीबाट सेवा सुरु भएको छ । जिल्ला प्रशासन कार्यालय मकवानपुरले नागरिकलाई दिइने सेवा प्रभावकारी बनाउन नागरिक सहायता कक्षको स्थापना गरी टोकन सेवा सुरु गरेको हो ।

सेवा लिन आउने नागरिकले अब नागरिक सहायता कक्षबाट सबै जानकारी पाउने र टोकन लिएपछि नागरिक सहायता कक्षकै कर्मचारीले सहजीकरण गर्ने प्रमुख जिल्ला अधिकारी राजेन्द्रदेव पाण्डेले जानकारी दिनुभयो । अब नागरिकले जिल्ला प्रशासनमा आएर अलमलमा पर्नुपर्ने अवस्था नरहने र सेवाग्राहीलाई सम्बन्धित फाँटमा पठाएर सेवा प्रदान गरिने पाण्डेको भनाई छ । नागरिक सहायता कक्षकै कर्मचारीले निःशुल्क राहदानी आवेदन फारम, राष्ट्रिय परिचयपत्र आवेदन फारम र सामान्य निवेदनसमेत लेख्ने गरी कक्ष स्थापना गरिएको पाण्डेले जानकारी दिनुभयो ।

एसईईपछि...

आउनुहोस् केही सिकौं, केही गरौं

आधारभूत पत्रकारिता तालिम
- समाचार संकलन तथा लेखन
- रेडियोमा समाचार वाचन तथा कार्यक्रम सञ्चालन

रेडियो निकास ९३.४ हेटौंडा, मकवानपुर
The Voice of Community

छिटो गर्नुहोस् ।
९८५५०६८२२७
समृद्ध समाज दैनिक
रेडियो निकास ९३.४ मेगाहर्ज
www.samriddhasamaj.com

# विद्यालयभित्र राजनीतिक कार्यक्रम गर्न रोक

**काठमाडौंः काठमाडौं महानगर पालिकाले विद्यालयभित्र राजनीतिक कार्यक्रमहरु गर्न प्रतिबन्ध लगाएको छ । सबै विद्यालयहरुलाई परिपत्र गर्दै महानगर पालिकाले केही विद्यालयमा राजनीतिक दल र भातृ संगठनका कार्यक्रमहरु भएको प्रमाणसहित उजुरी प्राप्त भएको जनाएको छ । विद्यालयमा हुने गरेका राजनीतिक कार्यक्रमप्रति गम्भीर ध्यानाकर्षण जनाउँदै महानगरपालिकाले अब विद्यालयभित्र यस्ता कार्यक्रम गर्न नदिन विद्यालयहरुलाई निर्देशन दिएको छ । 'कुनैपनि राजनीतिक दल र भातृ संस्थाका कार्यक्रम विद्यालयभित्र गर्न नदिन सूचित गरिन्छ', महानगरले पत्रमा भनेको छ । अनुगमनका क्रममा यस्तो कार्यक्रम गरेको भेटिए वा प्रमाण पुगेको अवस्थामा प्रधानाध्यापकमाथि विभागीय कारबाही गरिने जनाएको छ । (स्रोतः अनलाइनखबर)**

## सम्पादकीय

# खर्च गर्ने क्षमता बढाऔं

तीनै तहको सरकारमा बजेट खर्च गर्ने क्षमता कमजोर हुँदै गएको छ । संघ, प्रदेश तथा स्थानीय सरकारले समयमै बजेट सार्वजनिक तथा पारित गर्ने गरेको भए पनि समयमा बजेट खर्च गर्न नसक्ने परिपाटी बढ्दै गएको छ । थुप्रै योजना तथा कार्यक्रमका लागि विनियोजन भएको बजेट समयमै कार्यसम्पादन नहुँदा खर्च गर्ने क्षमता कमजोर हुँदै गएको छ । साधारण खर्च जेनतेन हुने गरेको भए पनि पुँजीगत अर्थात् विकास खर्च समयमै गर्न नसक्दा विकास निर्माणका काममा नकारात्मक असर पर्ने गरेको छ । विनियोजित बजेट खर्च गर्न नसक्ने समस्याकै कारण आर्थिक अनियमितता र बेथिति पनि बढ्दै गएको मान्न सकिन्छ । संघीयता कार्यान्वयन भएपछि तीन तहको सरकारले विकास निर्माणका योजनालाई समयमै सम्पन्न गर्दै आर्थिक समृद्धिको ढोका खोल्ने आम नागरिकको आशा निराशामा परिणत भइरहेको छ ।

संघीय र प्रदेश सरकारमा देखिने राजनीतिक प्रभाव तथा अस्थिरताका कारण योजना कार्यान्वयन र बजेट परिचालनमा केही समस्या देखिनु स्वभाविक भए पनि स्थानीय सरकारमा त्यस्तो कुनै बाधा रहँदैनन् । तर, संघ र प्रदेश सरकारकै कार्यशैली र गलत परिपाटी स्थानीय सरकारमा देखिनुले राम्रो संकेत भने गर्दैन । समयमै बजेट खर्च गर्न नसक्ने रोगबाट मकवानपुरका स्थानीय सरकार पनि अछुतो रहेको छैन । चालु आर्थिक वर्षमा हेटौंडा उपमहानगरपालिकाको बजेट खर्चको अवस्था निराशाजनक देखिएको छ । उपमहानगरपालिकाको चालु आर्थिक वर्ष २०७९/०८० को पुँजीगत खर्चअन्तर्गत् पूर्वाधार विकासमा विनियोजित बजेटको ३० प्रतिशतमात्र खर्च हुनुले बजेट खर्चको क्षमता कमजोर देखिएको हो । चालु आर्थिक वर्षको ९ महिनाको अवधिमा एक तिहाई पनि बजेट खर्च गर्न नसक्नुले बजेट खर्च गर्ने क्षमता वृद्धि गर्नुपर्ने टड्कारो आवश्यकता देखिएको छ । चालु आर्थिक वर्षका लागि हेटौंडा उपमहानगरपालिकाले विनियोजन गरेको एक अर्ब २३ करोड बजेटमध्ये साउनदेखि चैतसम्म ३७ करोड ६२ लाख रुपैयाँमात्र अर्थात् ३०.५१ प्रतिशत खर्च भएको छ ।

उपमहानगरपालिकाले यातायात पूर्वाधारमा विनियोजन गरेको ५८ कारोड ३० लाख बजेटमध्ये ३१.६४ प्रतिशत खर्च गरेको छ । भवन, आवास तथा सहरी विकासका क्षेत्रमा विनियोजित ५८ करोड ९७ लाख बजेटमा ३०.२ प्रतिशत खर्च भएको छ । ऊर्जा क्षेत्रको विकासका लागि छुट्याइएको एक करोड ६२ लाख बजेटमा २८.५७ प्रतिशतमात्र खर्च भएको छ । २ करोड १६ लाख बजेट विनियोजन भएको सञ्चार तथा सूचना प्रविधिमा ३१ प्रतिशत खर्च भएको छ । सम्पदा पूर्वाधारमा विनियोजन भएको २ करोड २ लाख बजेटमा जम्मा १२ प्रतिशतमात्र खर्च भएको उपमहानगरपालिकाको तथ्यांक छ । अझ पुननिर्माण शीर्षकमा विनियोजन भएको बजेट खर्चको अवस्था शून्य रहको देखिएको छ । आर्थिक विकासतर्फ २४ करोड ५८ लाख बजेट विनियोजन भएकोमा १६.३२ प्रतिशतमात्र खर्च भएको छ । कृषिमा १६.७१, उद्योगमा १०.५४, पर्यटनमा ७.३५, सहकारीमा ९.८६, वित्तीय क्षेत्रमा ३२.४४, जलश्रोत तथा सिंचाईमा १५.३६, वनमा २२.६६, पशुपक्षी विकासमा १५.५३ र भूमि व्यवस्थामा ६२.५४ प्रतिशत बजेट खर्च भएको छ । चालु खर्चतर्फ करिब ६५ प्रतिशत बजेट खर्च गरेको उपमहानगरपालिकाले विकास खर्च ३० प्रतिशतमात्रै गर्दा खर्च गर्ने क्षमतामाथि प्रश्न उठेको छ ।

सरकारले विभिन्न कार्यक्रम तथा योजनाका लागि विनियोजन गरेको बजेट खर्च नहुँदा आर्थिक विकास निराशाजनक भइरहेको छ । आर्थिक वर्षको अन्त्यतिर हतारमा बजेट खर्च गरेर आर्थिक अनियमितता गर्ने सम्भावनालाई पनि यसले बढाउँछ । विनियोजित बजेट खर्च नहुँदा रकम फ्रिज भएर योजना अलपत्र पर्ने गरेका थुप्रै उदाहरण पनि छन् । बजेट खर्च गर्न नसक्दा सरकारले ल्याएको नीति तथा कार्यक्रमको सार्थकतासमेत नरहने हुँदा हेटौंडा उपमहानगरपालिकाले बजेट खर्च गर्न क्षमता वृद्धि गर्दै खर्चलाई प्रभावकारी बनाउनु आवश्यक छ ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | फापरबारी इलाका ६२१९८० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | चित्लाङ इलाका ६२१००० |
| ट्राफिक प्रहरी १०३ | वारुण यन्त्र १०१ |
| वडा प्रहरी ५२०२९९ | बालबालिका खोजतलास केन्द्र १०४ |
| पशुपतिनगर इलाका ५२०५९८ | बाल हेल्पलाइन १०९८ |
| मनहरी इलाका ९८५५०९०१६१ | हेलो सरकार ११११ |
| भीमफेदी इलाका ६९१४६२ | नेपाल टेलिकम सोधपुछ १९७ |
| पालुङ इलाका ६२०४६७ | |


## तपाईंको राशिफल



पं. ज्योतिष: तोयानाथ सुवेदी
ॐ तुलसी मेडीकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

**मेष** : व्ययभार र समस्यामा कमी आउने समय योग छ ।
**वृष** : मनोरञ्जनका काममा भुलिने समय योग देखिन्छ ।
**मिथुन** : साँस्कृतिक क्रियाकलापमा सरिक भइने समय योग छ ।
**कर्कट** : आशिर्वाद र सहानुभूतिले आत्मविश्वास बढ्ने योग छ ।
**सिंह** : कर्मप्रति निष्ठावान भइने समय योग देखिन्छ ।
**कन्या** : महत्वकांक्षाले निराशा मात्र बटुल्न सक्छ ।
**तुला** : पेशा र व्यवसाय ठिकै रहने समय योग छ ।
**वृश्चिक** : सकारात्मक र व्यवहारिक सोचको विकास होला ।
**धनु** : नयाँ प्रविधि र सिपले व्यवहारमा परिवर्तन होला ।
**मकर** : समय उपलब्धीपूर्ण र लाभप्रद नै देखिन्छ ।
**कुम्भ** : पराक्रमी र सामाजिक क्रियाकलापमा संलग्न ।
**मीन** : समस्यामाथि विजय प्राप्त हुने समय छ ।

# इन्धन कारोबार र वास्तविकता



**डा. सुमनकुमार रेग्मी**



नेपाल आयल निगमको नोक्सान कम गर्न इन्धनको मूल्य वृद्धि गर्दै आएको बताइन्छ । २०७८ र २०७९ मा पनि बाह्य बजारमा क्रुड र डलरको भाउ अनपेक्षित रूपमा बढेकाले नेपालमा पनि पेट्रोलियम पदार्थको मूल्य वृद्धि गर्नुपरेको बताइँदै आएको छ । जहिले पनि आयल निगम निरन्तर घाटामा गइरहेको भन्दै नाफा कमाउने उद्देश्यका लागि नभई निगमले नोक्सानी घटाउन मूल्य वृद्धि गरिएको बताइएको छ ।

पेट्रोल कारोबारमा कर र कमिसनले पेट्रोलको मूल्य दोब्बर के कुरा, केही वर्षअघि रु. ४० प्रतिलिटरबाट १ सय ७८ हुँदै २ सय ९ रुपैयाँ पुर्याउने गाथा भएको थियो । तर, पेट्रोलियम पदार्थको मूल्य बढ्ने क्रम रोकिएको छैन । २०७९ चैतमा १ सय ७८ बाट १ सय ७५ घटाइएको नाटक गरी पुनः नाटक गरिएको छ । विभिन्न किसिमका कर र कमिसन, बाह्य बजारमा कच्च्चा तेलको मूल्यवृद्धि र नेपाली मुद्राको बढ्दो अवमूल्यनले पेट्रोलियम पदार्थको मूल्य निरन्तर बढिरहेको छ ।

इन्धनको मूल्य निरन्तर वृद्धि हुँदा उपभोक्ता मर्कामा पर्दै आएका छन् भने नेपाल आयल निगम पनि सधैं घाटा बेहोर्ने अवस्थामा रहेको देखिन्छ । निरन्तर १५ दिनभन्दा बढी इन्धनको मूल्य वृद्धि भइरहँदा पनि निगमले हरेक १५ दिनमा करोडौं घाटा बेहोरेको अवस्था रहेको देखिन्छ । यस्तो घाटा पूर्ति विश्व बजारमा इन्धनको भाउ घटेमा हुन्छ, या त नेपालमा इन्धनको मूल्य बढाउनुको अर्को विकल्प रहँदैन भनिन्छ । यस्तो अवस्थामा विश्व बजारमा तेलको मूल्य स्थिर वा घटेको अवस्थामा नेपालमा तेलको मूल्य नघटेको हो कि ?

पेट्रोलियम पदार्थको मूल्य समायोजनका नाममा मूल्य बढाइन्छ । त्यसको केही दिन सहज रूपमा इन्धन पदार्थ पाइन्छ । त्यसपछि घाटाको कथनी गुथेर १५-१५ दिनको मूल्य समायोजनको नाममा फेरि मूल्य बढाउने परिपञ्च रचिन्छ । २०७९ साउन २६ मा गठबन्धन देउवा सरकारले नेपालमा पेट्रोलको मूल्य १ सय ७९ रुपैयाँ निर्धारण गरेको थियो ।

२०७४/७५ देखि २०७८/७९ सम्म पाँच वर्षमा इन्धनको मूल्यमा यसरी उतार चढाव आयो कि नेपालको इतिहासमा यति बेला इन्धनको मूल्य सबैभन्दा उच्च बिन्दुमा पुगेको देखिन्छ । इन्धनको मूल्य निर्धारण गर्दै आएको नेपाल आयल निगमले २०७९ असार २० आउँदासम्म पनि पेट्रोल रु. १ सय ८१ तोकेको थियो ।

२०७४ फागुनपछिको विवरणअनुसार २०७९ असारसम्म पेट्रोलको मूल्य निरन्तर बढेको दखिन्छ । २०७४ फागुनमा प्रतिलिटर ९७ रुपैयाँ रहेको पेट्रोल २०७९ असार आउँदा १ सय ८१ पुगेको देखिन्छ । खासगरी नेपालमा खपत हुने शतप्रतिशत इन्धन पूर्ण रूपमा बाह्य बजारमा निर्भर रहँदै आएको छ । नेपालमा खपत हुने सम्पूर्ण इन्धन पदार्थ खाडी देश हुँदै भारतबाट आयात हुने गरेको छ । यसरी आयात हुने इन्धनको मूल्य बाह्य बजारको मूल्यअनुसार नै निर्धारण गर्ने गरिन्छ ।

यसरी अर्थ विश्व बजारमा माग र आपूर्तिका आधारमा कायम हुन आउने मूल्यमा नै नेपालले इन्धन खरिद गर्नुपर्छ । यस बेलादेखि नै इन्धनको मूल्य निरन्तर उकालो लाग्दै आएको छ । यसका साथै निरन्तर बढिरहेको अमेरिकी डलरको मूल्यले समेत नेपाली बजारमा इन्धनको मूल्य बढाउन भूमिका खेल्छ । बाह्य बजारमा डलरमा तोकिने कच्चा तेल खरिद गर्दा डलरले भुक्तानी गर्नुपर्छ । डलर निरन्तर महँगो हुँदै र नेपाली मुद्रा निरन्तर कमजोर हुँदै जाँदा इन्धनको मूल्य उकालो लाग्दै आएको छ ।

बाह्य बजारमा इन्धनको मूल्यवृद्धिको असर नेपालमा पनि देखिएको छ । विश्व बजारमा मूल्य बढेपछि नेपालमा आयल निगमले घाटा रहने बताउँदै आएको छ । कुनै बेला त महिनाको तीन पटकसम्म मूल्य बढाएको छ भने गत असार र साउनको बीचमा भारतले तीन पटक नेपालका लागि इन्धनको मूल्य घटाएर पठाउँदा पनि नेपाल आयल निगमले इन्धनको मूल्य नघटाएको अवस्था छ ।

आयल निगम घाटा हुने अवस्था रहेमा निगमको घाटा निरन्तर बढ्दै जाने देखिएको निगम बताउँछ । नेपालमा असार २०, २०७९ मा इन्धनको मूल्य फेरि बढ्यो । यो बेला पेट्रोल रु. १ सय ८१ र डिजेल १ सय ७२ पुग्यो । नेपाल आयल निगम बाह्य बजारबाट आफैं कच्चा तेल खरिद गर्दैन । भारतीय आयल निगमबाट आफूलाई चाहिने सबै प्रकारका प्रशोधित इन्धन खरिद गर्दै आएको छ । यसरी इन्धन किनेबापत भारतीय आयल निगमले हरेक महिना १५-१५ दिनमा नेपाल आयल निगमलाई मूल्य पठाउँछ । भारतीय आयल निगमले पठाउने मूल्य उसले बाह्य बजार बाट किन्ने कच्चा तेलको लागतमा आधारित हुन्छ । लागत मूल्यमा आफ्नो प्रशोधन शुल्कलगायतका अन्य खर्च जोडेर भारतीय आयल निगमले नेपालका निम्ति बिक्री मूल्य तय गर्छ ।

त्यसपछि नेपाल आयल निगमले इन्धन आयात गरेबापत सरकारलाई तिर्नुपर्ने भन्सारलगायत महसुल, आफ्नो प्रशासनिक खर्च, ढुवानी लागत र डिलर कमिसन जोडेर उपभोक्ता मूल्य तय गर्छ । इन्धनको लागत मूल्य निरन्तर बढिरहेको हुँदा खरि दबापत भुक्तानी गर्न नसकेको बक्यौता र कमसमेत बढ्दै गई असार २४ सम्मका करिब ३० अर्ब पुग्ने निगमले पहिले नै बताएको थियो ।

२०७९ असार १८ मा भारतमा जनतालाई राहत दिन ८ रुपैयाँ घटाइएको थियो । किनकि मूल्यवृद्धिको चपेटामा विभिन्न देशका सर्वसाधारण पर्छन् । मूल्यवृद्धिको कुनै भौगोलिक सीमा हुँदैन । तर, कतिपय सरकारले जनतालाई राहत दिन सहजताको कार्यक्रम लागू गर्छन् । भारतको दिल्लीमा प्रदेश सरकारले जनतालाई राहत दिन इन्धनमा प्रतिलिटर रु. ८ भ्याट घटाएको हुन्छ । सरकारले भ्याट, कर र अरू घटाउँदा यसको प्रत्यक्ष लाभ जनताले पाउँछन् । भ्याट बढी हुँदा

...बाँकी पृष्ठ ३ मा

# मानिसमा किन आउँछ बदलाको भावना ?



**मनिषा थापा**

नेपालीमा एउटा उखान छ, 'विष बिनाको सर्प सर्प हुँदैन र इख बिनाको मानिस मानिस हुँदैन ।' तर यसो भन्दैमा इख हरेक समय सकारात्मक मात्रै हुन्छ भन्ने हुँदैन । ठूलो इख राख्दा बदलाको भावना आउँछ र अप्रिय घटना समेत हुन सक्छ ।

कुनै घटना हुँदा, कसैले आफूलाई होच्याउँदा, कामका बेला तुच्छ गाली गर्दा मानिसमा बदलाको भावना आउन सक्छ । बदलाको भावनाले मनमा नकार ात्मक कुरा मात्रै खेलिरहन्छ । विश्वमा हुने २० प्रतिशत हत्याका घटनाको पछाडि बदलाको भावना हुने गरेको अनुसन्धानहरुले समेत देखाएका छन् ।

### बदलाको भावना आउने अवस्था

मानिसमा नकारात्मक भावना हावी हुँदै गएपछि बदलाको भावना जागृत हुने पद्मकन्या क्याम्पसको मनोविज्ञान विभागकी प्रमुख डा. कविता कँडेल बताउँछिन् ।

'व्यक्तिमा सकारात्मक र नकारात्मक भावना हुन्छ । मनभित्र नकारात्मक सोच हाबी हुँदै व्यक्तिको उसको व्यवहारमा देखिन्छ र नकारात्मक प्रवृत्तिको रुपमा विकास हुन्छ,' उनी भन्छिन्, 'फलस्वरुप अरुप्रति इर्ष्या गर्ने, आफ्नो मनोबल कमजोर हुँदै सोच्न सक्ने शक्ति कम हुन्छ र स-साना कुरामा बदलाको भावना पनि उत्तिकै हुन्छ ।'

उनका अनुसार बदलाको भावना सिर्जना हुने अवस्था जुनसुकै उमेरमा हुनसक्छ । कहिले मदिरापानका कारण उब्जिएको विवादपछिको बदला, कसैले गालीगलौच गर्‍यो, त्यसको बदला । कहिले आफन्तजन वा साथीभाइबाट अपमानित अनुभव हुँदा त कहिले अपहेलित हुँदा व्यक्तिमा बदलाको भावना जाग्न सक्छ ।

स-साना कुरामा पनि बदलाको भावना आउनु वा आइराख्नु भनेको व्यक्ति किसिमको वातावरणमा हुर्किएको छ, त्यसमा पनि भर पर्छ । 'यदि सानैदेखि समयमा नै राम्रो नराम्रो छुट्याउने बानी विकास हुँदै गएमा बदला लिने भावना विकास हुँदैन । तर बाल्यावस्थादेखि नै सकारात्मकभन्दा बढी नकारात्मक पक्षहरुको सामना गरिरहेका बालबालिकामा पछिसम्म पनि क्रोध र आक्रोशसँगै बदलाको भावना पनि आउने गर्छ,' कँडेल भन्छिन् ।

### मनोवैज्ञानिक कारण

डा. कँडेलका अनुसार मानव मस्तिष्कमा कुनै पनि समस्या आएमा लड्न तयार गर्ने साइक्लोजोकिल स्रोत हुन्छन् । त्यसको अभाव हुँदा व्यक्तिमा तुरुन्त बदलाको भावना आउँछ । यस्तोमा कसैप्रति नकारात्मक सोच छ वा त्यस व्यक्तिबाट आफूलाई असर परेको अनुभव भएमा मस्तिष्कलाई निर्देशित गर्ने रसायनको कमीले व्यक्तिमा प्रतिसोधको भावना ल्याउँछ ।

तर यसको साइक्लोजोकिल स्रोत बढी भएमा भने व्यक्ति अरुको प्रगतिमा रमाउँछ । उसले कसैले हानि गरेको छ भने केही क्षण आक्रोश पोख्न सक्छ, तर बदला लिन नसक्ने डा. कँडेल बताउँछिन् ।

### बदलापछि शान्ति मिल्ने भ्रम

बदलाको आफूमाथि भएको क्षतिको पूर्ति हुने र मनमा शान्ति मिल्ने धेरैमा भ्रम रहेको डा. कँडेल बताउँछिन् ।

'रिस उठेपछि बदला लिन खोज्नु कतिपय मानिसको स्वभाव हुन्छ । हामी धेरैलाई लाग्न सक्छ कसैले हामीमाथि आक्रमण गर्छ वा केही भन्छ भने त्यसमाथि तत्कालै आक्रमण गरिहालौं,' उनी भन्छिन्, 'जसकारण मानिस प्रत्याक्रमणमा उत्रिहाल्छ र तातो रिसले हिंस्रक घटना निम्त्याउन सक्छ ।'

बदला लिएपछि कतिपयलाई क्षणिक सन्तुष्टि मिलेको महसुस हुन सक्छ । तर त्यसको दीर्घकालीन प्रभाव राम्रो हुँदैन ।

'बदलाकै कारण कुटपिट, हत्या, बलात्कार, लुटपाट जस्ता अप्रिय घटना हुन्छन् । जसले न त बदला लिनेलाई फाइदा गर्छ न त भोग्नेलाई,' कँडेल भन्छिन्, 'तातो रिसले धेरैको जिन्दगी नै बर्बाद बन्न सक्छ ।'

### सकारात्मक बदलाको भावना

कसैबाट अपमानजनक व्यवहार हुँदा आफूमा भएको कमी कमजोरी सुधार गरेर अघि बढ्ने व्यक्तिले निकै प्रगति गरिरहेका हुन्छन् । यस्तो अवस्थामा बदलाले हानि गर्नुको साटो आफ्नै व्यक्तित्व विकास गर्न सहयोग पुर्‍याउने डा. कँडेल बताउँछिन् ।

कसैसँग बदला लिनु भन्दा पनि गल्तीमा माफी दिंदा आफूलाई शान्ति मिल्ने उनी बताउँछिन् । डा. कँडेल भन्छिन्, 'यसो गर्दा शत्रु ठानिएका व्यक्ति पनि मित्रवत् व्यवहार गर्छन् ।'

### बदलाले निम्त्याउने तनाव

विश्वप्रसिद्ध साहित्यकार विलियम शेक्सपियरले भनेका थिए, 'आफ्नो शत्रुको लागि घृणाको भट्टीलाई तातो बनाउँदा बनाउँदै तपाई आफैं जल्नुहुनेछ ।' यसको अर्थ जब शत्रुलाई घृणा गरिन्छ र प्रतिशोधको भावनाले उनीहरुलाई आफूमाथि प्रभुत्व जमाउने शक्ति दिन्छौं । हाम्रो निद्रा, स्वास्थ्य, शान्ति, भोक, रक्तचाप र हाम्रो खुसी नै प्रतिशोधको भावनाले लैजान सक्छ । घृणाले शत्रुलाई कुनै हानि गर्दैन तर आफ्नो भने दिनचर्यामा नै उथलपुथल ल्याउँछ ।

डा. कँडेलका अनुसार कुनै व्यक्तिले व्यक्तिगत स्वार्थका लागि फाइदा उठाउन खोज्छ भने तुरुन्तै उनीहरुबाट आफूलाई टाढा राख्नुपर्छ । तर बदलाको भावना लिइयो भने त्यो भन्दा बढी आफैंलाई हानि हुने सम्भावना हुन्छ ।

'बदला लिने कोसिसले स्वास्थ्य खराब हुन सक्छ । उच्च रक्तचाप भएका व्यक्तिमा मुख्य लक्षण नै रिस, क्रोध र चिन्ता हो । जुन बदला पुरा नहुँदा वा गर्न नसक्दा यी लक्षण स्थायी हुन जान्छन्,' उनी भन्छिन्, 'कालान्तारमा गएर हृदयघातसम्म हुने जोखिम आइलाग्न सक्छ ।'

बदलाको भावना पैदा हुने बित्तिकै व्यक्तिको भावना असन्तुलन हुन्छ, जसले उनीहरु मानसिक रुपमा अस्वस्थ हुन्छन् । बदलाले जानाजान वा अञ्जानमा अपराधको बाटोतर्फ लैजान सक्ने कँडेल बताउँछिन् ।

### बदलाकाको भावना आउन नदिन के गर्ने ?

बदलाको भावना नियन्त्रण गर्न आफूमै भर पर्छ । यसका लागि कँडेलका तीन सुझाव छन् ।

१. कसैप्रति रिस, आवेग आएमा त्यसलाई प्रकट गर्न आफूलाई अन्य काममा व्यस्त राख्न सकिन्छ ।

२. ध्यान, योगजस्ता अभ्यासमा लाग्नु राम्रो विकल्प हुन सक्छ । यसले शारीरिकदेखि मानसिक रुपमा व्यक्तिलाई स्वस्थ राख्छ । जसले बदलाको भावना हत्पत्त आउन दिंदैन ।

३. सिर्जनशील काममा व्यस्त गराउने, पारिवारिक जमघट वा घुमफिर गर्ने जस्ता गतिविधिले पनि व्यक्तिलाई धैर्यवान बनाउँछ । जसले कोहीमाथि रिस, राग हुँदैन । र, मनमा अनेक कुरा खेलाउने समय हुँदैन । *(स्रोत: अनलाईनखबर)*

# "मानिसको जीवनस्तर सुधार्ने र आर्थिक पाटोमा सक्षम बनाउने योजना बनाउँदै छौं"

महिला जनप्रतिनिधिहरु आफ्नो नियमित काममा क्रियाशील हुनुहुन्छ। वडा सदस्यको रुपमा वडाका विषयमा निरन्तर सक्रिय वडा सदस्यहरु आफ्नो पनि क्षमता अभिवृद्धिको प्रयास गरिरहनुभएको छ । महिला जनप्रतिनिधिको नियमित कामकारवाही र वडामा रहेर गरिरहनुभएका कामका विषयमा समृद्ध समाज दैनिकका लागि संगी लामाले वडा सदस्य मिनु विश्वकर्मा र उर्मिला चुनारसँग गर्नुभएको कुराकानीको सम्पादित अंश



**मिनु विश्वकर्मा र उर्मिला चुनार**
**वडा सदस्य**

**समाजः पहिलो कार्यकाल कस्तो रह्यो र पहिलेको तुलनामा अहिलेको कार्यकालमा काम गर्न कतिको सहज हुँदैछ ?**

**मिनु**ः दलित महिलालाई कोटा वा अवसर दिने क्रममा पहिलाको कार्यकालका लागि निर्वाचित भएको थिएँ । शुरुमा त वडा सदस्य भनेको केही होइन, वडा सदस्यको केही भूमिका नै छैन जस्तो लाग्थ्यो र विस्तारै काम गर्दै जाँदा वडा सदस्यहरुको पनि धेरै जिम्मेवारी हुँदो रहेछ भन्ने बुझेँ । र त्यसैअनुसार सिक्दै काम गर्दै जाँदा पहिलो कार्यकाल सक्यो। तर मलाई वडाबासीहरुले रुचाएर दोस्रो कार्यकालका लागि भारी मत दिएर निर्वाचित गराइदिनुभयो । पहिलाको अनुभवले गर्दा पहिलेभन्दा अहिले काम गर्न एकदम सहज महसुस भएको छ ।

**समाजः १५ नम्बर वडाबासी महिलाहरूको समस्याहरु नियाल्न भ्याउनुभएको छ त ?**

**मिनु**ः भौगोलिक बनावटको हिसाबले १५ नम्बर वडा धेरै ठूलो छ। त्यसकारणले गर्दा वडाको केही भाग दुर्गम छन्। विशेषगरी त्यस दुर्गम क्षेत्रका महिला र पुरुष दुवै अशिक्षित छन् । त्यहाँ विद्यालय, मोटरबाटो जस्ता पूर्वाधार विकासको अभाव रहेको छ । हामीले त्यस ठाउँमा पहिलो कार्यकालमै एउटा सिकाई केन्द्र खोलिदिएका थियौं। त्यस्तै हामीले त्यस ठाउँका महिला र पुरुष दुवैलाई शिक्षित बनाउने, रोजगारी दिलाउने प्रयासहरु गरिरहेका छौं । हामीले त्यस क्षेत्रलाई प्राथमिकतामा राखेर विभिन्न सचेतनामुलक कार्यक्रमहरु लाने, कृषि अनुदान दिने, तालिमहरु आयोजना गर्ने लगायतका प्रयासहरु गरिरहेका छौं । सकभर हामीले त्यस क्षेत्रका मानिसहरुको जीवनस्तर सुधार्ने र आर्थिक पाटोमा सक्षम बनाउने गरी योजनाहरु पनि बनाउँदै छौं।

**समाजः तपाई वडामा रहेर काम गर्दै गर्दा १७ नम्बर वडाका महिलाहरु कस्तो समस्या लिएर वडामा आएका पाउनुभयो ?**

**उर्मिला**ः १७ नम्बर वडाका महिला दिदीबहिनीहरु चाहिँ धेरैजसो स्वरोजगारमुलक तालिमको माग र अनुदानहरु माग गर्न वडामा आउनुभएको मैले पाएँ । उहाँहरु आर्थिक रुपमा आत्मनिर्भर हुनका लागि यस्ता तालिम तथा कार्यक्रमहरु माग गर्दै आउनुभएको छ। हामीले पनि त्यसैअनुसारको योजनाहरु बनाउँदै छौं ।

**समाजः १७ नम्बर वडाका महिलाको शिक्षाको अवस्था कस्तो छ ?**

**उर्मिला**ः शिक्षाको अवस्था हेर्ने हो भने अलि उमेर बितिसकेकाहरु त कमै मात्रामा शिक्षित हुनुहुन्छ तर अहिलेका नयाँ पुस्ताहरुमा चाहिँ शिक्षामा त्यस्तो कमी भएको जस्तो मलाई लाग्दैन। हाम्रो वडामा स्कुल, कलेजहरु टाढा नभएकाले पनि यहाका मानिसहरु प्रायः सबैजना शिक्षित नै हुनुहुन्छ।

**समाजः एउटा महिलालाई घरको जिम्मेवारीसँगै वडाको जिम्मेवारी सम्हाल्न कतिको सहज हुन्छ ?**

**उर्मिला**ः सहजता भनेको आफैले बनाउने कुरा हो। मेरो चाँहि घर परिवार सबैले एकदम सहयोग गर्ने भएकाले जुनसुकै बेला जहाँ पनि जान पाएकी छु। घरमा जस्तोसुकै काम भए तापनि श्रीमान् र छोरीले सम्हालिदिने भएकाले जतिसुकै बेला म घरबाट कार्यक्रमहरुका लागि निस्कन पाएकी छु । त्यसकारण अहिलेसम्म मलाई गारो भएको छैन र म जतिबेला पनि वडामा जान सक्छु ।

**समाजः १५ नम्बर वडामा शिक्षाको अवस्था कस्तो छ ?**

**मिनु**ः अहिलेको अवस्थामा प्रायः सबैले कम्तीमा प्लस टु पास गरेकै पाइन्छ। शिक्षितहरुलाई उहाँहरुको शिक्षा, क्षमता अनुसार केही न केही रोजगार पाइरहेकै छ। रोजगारीलाई हेर्ने हो भने नेपालभर नै रोजगारीमा समस्या रहेको छ । रोजगारीको सिर्जना स्थानीय सरकारले मात्र नभई केन्द्रीय र प्रदेश सरकारको चासोको विषय हुनुपर्ने देखिन्छ। आमाबुबा अशिक्षित हुनुभए पनि आफ्ना छोरा र छोरी दुवैलाई पढाउनुपर्छ भन्ने चेतना सम्पूर्ण वडाबासीमा पाइन्छ । तर, नेपालमा पढाइअनुसारको रोजगारीको सिर्जना भने भएको पाइँदैन ।

**यदि तपाईलाई १७ नम्बर वडाले एउटा समस्या समाधान गर्ने मौका दियो भने तपाईको पहिलो प्राथमिकतामा के रहन्छ ?**

**उर्मिला**ः हाम्रो १७ नम्बर वडामा चाहिँ धेरैजसो वडाबासीहरु शिक्षित भए तापनि अझै जातीय भेदभाव हट्न सकेको छैन । उहाँहरु कागजी शिक्षित मात्र हुनुभयो तर व्यवहारले भने कहिल्यै शिक्षित हुन सकेको देखिँदैन। त्यसकारण मलाई वडाले यस्तो मौका दियो भने म पहिलो प्राथमिकताको रुपमा जातीय भेदभावलाई हटाउथेँ ।

**अहिलेको समाजमा महिला मात्र नभएर पुरुष पनि पीडित भइरहेको हुन्छ, यस्तो अवस्थामा पीडित पुरुषहरुको पक्षमा वडाले कस्तो भूमिका खेल्न सक्छ ?**

**मिनु**ः मेरो विचारमा समग्र वडामा हेर्ने हो भने महिला मात्र नभएर पुरुषहरु पनि अन्यायमा परेका छन्। योभन्दा पहिला चाहिँ महिलाहरु विभिन्न हिंसा र अन्यायमा परेको थियो । त्यसकारण महिला अधिकारका कुरा कानुनमा पनि धेरै व्यवस्थाहरु गरेको छ। त्यस्तै, महिलाहरु पीडित हुँदा उजुरी र गुनासो सुन्ने र महिला अधिकारको लागि लड्ने थुप्रै निकाय तथा संघसंस्थाहरु रहेको छ। तर पुरुषहरु अन्यायमा पर्दा सम्बन्धित उजुरी गर्ने ठाउँ पनि छैन । यसका लागि प्रत्येक वडामा महिला समुह गठन गरेझैँ बुद्धिजीवि पुरुषहरुको पनि एउटा समुह गठन गर्न आवश्यक देखिन्छ ।

## इन्धन कारोबार...

जनताले इन्धनको मूल्य बढी तिर्नुपर्थ्यो । भारतमा इन्धनमा भ्याट ३० प्रतिशतबाट घटाएर १९.४ प्रतिशत बनाइएको थियो ।

कर समायोजन भएको भए भारतीय आयल निगमले अगस्ट १ मा पठाएको मूल्यअनुसार प्रतिलिटर १ सय ५९ पर्न आउँथ्यो । तर, नेपालको अर्थ मन्त्रालयले राजस्वमा मात्र केन्द्रित हुँदा आम सर्वसाधारणलाई भार पर्दै आएको थियो ।

२०७९ असार र साउनमा चार पटक भारतले नेपालमा पठाउने इन्धनमा मूल्य घटाउँदा नेपालमा यथावत् राखियो । बरु उल्टै ३०/३१ अर्बको घाटा छ भनियो । साउन २४ सम्म आयल निगम ३१ अर्बको घाटामा थियो । त्यतिबेलाको नयाँ खरिदअनुसार इन्धन कारोबारमा नेपाल आयल निगमलाई भदौ २०७९ सम्म ६३ करोड ६५ लाख घाटा हुने प्रक्षेपण गरिएको थियो ।

त्यसअघिको अर्थात् साउनको मूल्यमा निगम पेट्रोलमा प्रतिलिटर १४ रुपैयाँ घाटामा थियो । तर, नेपाल आयल निगमले सञ्चितिमा नोक्सानी करिब ३१ अर्ब पुगे पनि मूल्य घटाउन नेपालमा दबाब पर्दै आएको छ । त्यति बेला भारतीय निगमलाई भुक्तानी गर्नुपर्ने २३ अर्ब थियो । २०७९ असार १७ देखि साउन १७ सम्ममा भारतीय आयल निगमबाट प्रतिलिटर पेट्रोल रु. ३२.५६ घटेर नेपालमा आयो । तर, नेपालमा इन्धनको मूल्य यस्तो अवस्थामा घटेन ।

भारतीय आयल निगमबाट मूल्य बढेर आउँदा स्वचालित मूल्य प्रणालीका नाममा तत्काल भाउ बढाउने परम्परा बसी आएको देखिन्छ । तर, पछिल्लो एक महिना अर्थात् २०७९ असार १७ देखि साउन १७ सम्म लगातार दुई पटक भारत र बाह्य जगत्मा भाउ घट्दा नेपाल आयल निगमले भने स्वचालित मूल्य प्रणालीको उच्चारण गर्न पनि चाहँदैनथ्यो । भारतीय आयल निगमले नेपाललाई बिक्री गर्ने इन्धनको मूल्य दोस्रो पटक पनि घटाएर पठाएको थियो ।

असार १७, २०७९ मा भारतले इन्धनमा आफ्नो देशमा निर्यात कर नलगाउँदा नेपालमा इन्धनको मूल्य बढ्ने थियो । प्रत्येक अंग्रेजी महिनाको १ र १५ तारिखमा भारतीय निगमले इन्धनको मूल्य पठाउँछ । बाह्य बजारमा कच्चा तेलको मूल्य घट्न थालेपछि त्यही बेलाको पटक १६ जुलाई तथा अगस्ट १ गरेर दुई पटक भारतीय निगमले नेपालका लागि पनि मूल्य पठाएको थियो । (स्रोतः कारोबार दैनिक)

समृद्ध समाज
राष्ट्रिय दैनिक
www.samriddhasamaj.com.np

# साढे ४ सयले लिए सगरमाथा आरोहणको अनुमति

काठमाडौंः यस वर्षको वसन्त ऋतुमा सगरमाथा आरोहणका लागि चार सयभन्दा बढी आरोहीले अनुमति लिएका छन्। पर्यटन विभागका अनुसार बुधबारसम्म ४२ आरोही समूहका चार सय ६३ आरोहीले सगरमाथा आरोहणको अनुमति लिएका हुन् ।

पर्वतारोहण शाखाका शाखा अधिकृत विज्ञान कोइरालाका अनुसार अब दुई/तीन जना नेपाली र केही विदेशी सगरमाथा आरोहणको अनुमति लिने प्रक्रियामा छन्। समग्रमा यो वर्षको वसन्त ऋतुमा करिब चार सय ७० आरोहीले अनुमति लिने विभागको अनुमान रहेको छ ।

अनुमति लिएका आरोही अहिले सगरमाथाको आधार शिविर र दोस्रो शिविरमा आरोहणको प्रतीक्षामा छन् । सगरमाथाको चौथो शिविरसम्म आइसफल डाक्टरले बाटो बनाइसकेका छन् । सगरमाथाको चुचुरोमा डोरी टाँगेपछि आरोहण सुरु हुन्छ। सरकारले सगरमाथा आरोहण अनुमतिबाट मात्रै ७३ करोड ७४ लाख रुपैयाँ राजस्व संकलन गरेको छ ।

(स्रोतः अनलाइनखबर)

# बालगृहले ४ जेठभित्र अनुमति लिनुपर्ने

काठमाडौंः राष्ट्रिय बालअधिकार परिषद्ले अनुमति नलिई सञ्चालन भएका बालगृहलाई कारबाही गर्ने चेतावनी दिएको छ। परिषद्ले सूचना प्रकाशित गर्दै बालगृह सञ्चालन अनुमतिका लागि जेठ ४ गतेभित्र आवेदन दिन दोस्रो पटक आग्रह गरेको छ।

यसअघि परिषद्ले २०७९ पुस २१ गते सूचित गरेपनि अझैसम्म सबै बाल गृहहरुबाट निवेदन नआएको भन्दै बुधबार पुनः सूचना जारी गरेको हो। सरकारले ५ जेठ २०७९ मा बालबालिकासम्बन्धी नियमावली, २०७८ जारी गरेपछि बालगृहहरुलाई एक वर्षभित्र परिषदबाट अनुमति लिनुपर्ने व्यवस्था गरेको थियो । हाल नेपालभर सञ्चालनमा रहेका बालगृहहरुले आवश्यक कागजातसहित परिषदमा निवेदन दिएर अनुमति लिनुपर्नेछ।

यसअघि परिषदले २०७९ फागुन मसान्तभित्र निवेदन दिन आग्रह गरे पनि हालसम्म कुनै बालगृहबाट पनि निवेदन नआएको भन्दै बुधबार पुनः सूचना जारी गरेको हो । परिषद्ले सूचनामा अनुमति नलिई सञ्चालन गरेको पाइएमा त्यस्ता बालगृहलाई कानुनबमोजिम कारबाहीको प्रक्रिया अगाडि बढाउने उल्लेख गरेको छ। परिषद्ले सम्बन्धित स्थानीय तह तथा बालबालिकाका विषय हेर्ने प्रदेश मन्त्रालयलाई पनि आफ्नो क्षेत्रभित्र सञ्चालनमा रहेका बालगृहबारे जानकारी गराउन अनुरोध गरेको छ । बालगृहले पूरा गर्नुपर्ने न्यूनतम मापदण्ड र बाल गृह सञ्चालन तथा व्यवस्थापनसम्बन्धी मापदण्ड, २०७९ ले तोकेको आवश्यक मापदण्ड पूरा गरेका बालगृहलाई मात्र बालगृह सञ्चालन अनुमति दिने परिषद्ले जनाएको छ। (स्रोतः अनलाइनखबर)

# एकैदिन २२ जना फरार प्रतिवादी पक्राउ

सुनसरीः सुनसरी प्रहरीले बुधबार एकै दिन २२ जना फरार प्रतिवादीहरु पक्राउ गरेको छ । जिल्ला प्रहरी कार्यलय सुनसरीबाट विशेष टोली गठन गरी फरार प्रतिवादीहरु पक्राउ अभियानअन्तर्गत् बुधबार एकै दिन २२ जना फरार प्रतिवादीहरु पक्राउ गर्न सफल भएको प्रहरी नायब उपरीक्षक राजकुमार राईले जानकारी दिए।

पक्राउ परेकाहरु अदालतबाट विभिन्न मुद्दामा कैद तथा जरिवाना तोकिएका प्रतिवादीहरु रहेको प्रहरी उपरीक्षक ढकालले बताए। पक्राउ परेका सबैलाई बुधबार नै अदालतसमक्ष बुझाइएको छ । चालु आर्थिक वर्ष २०७९/८० मा अदालतबाट कैद तथा जरिवाना तोकेका ३ सय ३७ जना विभिन्न मुद्दाका फरार प्रतिवादीहरूलाई पक्राउ गर्न सफल भएको सुनसरी प्रहरी प्रमुख प्रहरी उपरीक्षक प्रभुप्रसाद ढकालले जानकारी दिए ।

सुनसरी प्रहरीले र फरार प्रतिवादीहरू पक्राउ गर्न विशेष टोली बनाएर अभियान नै चलाइरहेको ढकालले बताए ।

(स्रोतः रातोपाटी)

## विद्युत आपुर्ति बन्द सम्बन्धि सूचना !!!

१३२ के.भि.प्रशारण कन्डक्टर अपग्रेड आयोजनाले हाल चौकिटोल देखि कमाने सवस्टेशनमा रहेको १३२ के.भि. प्रसारण लाईनको तार फेर्ने कार्य गरिरहेको हुनाले (Tower No. 10 देखि 19 सम्म) तपशिल बमोजिमको स्थान र समयमा विद्युत सेवा अवरुद्ध हुने व्यहोरा जानकारीको लागि अनुरोध छ। यसबाट ग्राहकवर्गमा पर्न जाने असुविधा प्रति ने.वि.प्रा., हेटौडा वितरण केन्द्र क्षमाप्रार्थी छ ।

**तपसिल**ः

**लाईन अवरुद्ध हुने फिडरहरू**ः चौघडा फिडर तथा रंगशाला फिडर

(सानोपोखरा, पिप्ले, माछाप्लान, राईटोल, राधाकृष्णमन्दिर, मनकामना डाँडा, कमाने ८ सागरचोक, मनकामना टोल, ओमनगर, देवनगरलगायतका स्थानहरु)

मितिः २०८०।०१।१४ गते बिहिबार देखि २०८०।०१।१९ गतेसम्म ।

समयः विहान ८:०० बजेबाट बेलुका ४:०० बजे सम्म ।

(**नोट**ः- समय अगाडि नै काम सकेको अवस्थामा तोकिएको समय अगावै विद्युत संचालन हुनेछ । )

**नेपाल विद्युत प्राधिकरण**
**हेटौडा वितरण केन्द्र**
**हेटौडा**

## कर्मचारी आवश्यकता सम्बन्धि सूचना

रोयल प्यालेस हेटौडा प्रा.लि. को लागी १ जना लेखापाल आवश्यक परेको हुनाले योग्यता पुगेको नेपाली नागरिकहरुबाट यो सुचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र कार्यालयमा दरखास्त आह्वान गरिन्छ ।

**तपसिल**

पदः लेखापाल

संख्याः १ (एक)

**योग्यता**ः

१. लेखा विषय लिएर स्नातक अध्ययन गरेको हुनुपर्नेछ ।

२. लेखा सम्बन्धि कम्तिमा पनि ३ देखि ४ वर्ष काम गरेको अनुभव हुनुपर्ने छ ।

३. Vat सम्बन्धि काम जानेको हुनुपर्ने छ ।

आवश्यक कागजातः व्यक्तिगत विवरण, नागरिकताको प्रमाणपत्र, शैक्षिक योग्यताको प्रमाणपत्रहरु, अनुभवको प्रमाणपत्र तथा अन्य कागजातहरुको प्रतिलिपि पेश गर्नुपर्ने छ ।

४. उमेरः २० वर्ष देखि ४० वर्ष ननाघेको हुनुपर्छ ।

५. तलबः आपसी समझदारीमा तय गरीनेछ ।

**नोट**ः- आवेदन परेकाहरु मध्येबाट सर्ट लिष्ट भएका व्यक्तिहरुलाई मात्र बोलाईनेछ । अनुभवी व्यक्तिलाई विशेष प्राथमिकता दिईने छ ।

**सम्पर्क**
**रोयल प्यालेस हेटौडा प्रा.लि.**
**हेटौडा-४, मेनरोड**
**सम्पर्क न. ९०५५०१०२२१, ९०४९३९१८७८ १९०५१०९३४४२**
**ईमेल**ः royalpalacehetauda@gmail.com

## शिक्षक कर्मचारी आवश्यकता

*सूचना प्रकाशित मितिः२०८०/०१/१४*

यस श्री भूटनदेवी माध्यमिक विद्यालय (प्राविधिक शिक्षालय) का लागि कम्प्युटर विषयको निमावि तहका लागि एकजना शिक्षक निजी श्रोतबाट करारमा खुल्ला प्रतिष्पर्धाबाट पदपूर्ती गर्नुपर्ने भएकोले विद्यालय व्यवस्थापन समितिको निर्णय अनुसार यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र नेपाली नागरिकबाट दरखास्त आह्वान गरिन्छ ।

**तपशिल**

| क्र.स. | विज्ञापन नं. | तह/पद | माग संख्या | न्यूनतम शैक्षिक योग्यता | कै. |
|---|---|---|---|---|---|
| १ | ०१/०७९/८० | निमाबि | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा माध्यमिक तह उत्तीर्ण परीक्षा (कक्षा १२), प्रविणता प्रमाणपत्र वा सो सरहको परीक्षा उत्तीर्ण भएको | |

**आवश्यक न्यूनतम योग्यता**ः

१. उमेरः १८ वर्ष पूरा भै ४० वर्ष ननाघेको ।

२. सेवा सुविधाः विद्यालय व्यवस्थापन समितिको निर्णय अनुसार ।

३. आवेदन फारम दस्तुरः रु १,०००/-

४. परीक्षाको किसिमः लिखित, मौखिक तथा कक्षा अवलोकन

५. आवेदन फारम बुझाउने अन्तिम मितिः २०८०/०१/२०

६. सम्पर्क मितिः २०८०/०१/२१

**पेश गर्नुपर्ने कागजातहरू**ः निवेदन, नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपी, शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपी, कम्प्यूटर शिक्षा वा आधारभुत तालिम सम्बन्धी प्रमाणपत्रको प्रतिलिपी, कामको अनुभव भए सो प्रमाण पत्रको प्रतिलिपी, माथिल्लो तहको शैक्षिक योग्यतालाई ग्राह्यता (प्राथमिकता), अंग्रेजी भाषा लेखन तथा वाचनमा निपूर्ण भएकालाई विशेष प्राथमिकता दिइने छ ।

**थप जानकारीको लागी**
**(माधव प्रसाद दाहाल)**
**प्रधानाध्यापक**
**श्री भूटनदेवी मा.वि (प्राविधिक शिक्षालय)**
**हेटौंडा-४, मकवानपुर**
**सम्पर्क नं. ०५७-५२०४२०**

**बालबालिकालाई मैत्रीपूर्ण वातावरणमा पढ्न, लेख्न सिकाउन अभिभावक जिम्मेवार बनौं ।**

# बकैयामा अभिभावकलाई सचेतना



समाज संवाददाता

हेटौंडाः मकवानपुरको बकैया गाउँपालिक–१०, अम्बासमा रहेको सरस्वती आधारभूत विद्यालयमा २ दिने अभिभावक सचेतना कार्यक्रम सम्पन्न भएको छ । विद्यालयको आयोजनामा भएको बालमैत्री व्यवहार, सरसफाई तथा शिक्षामा अभिभावकको पूर्ण जिम्मेवारी विषयमा दुईदिने अभिभावक सचेतना कार्यक्रम मंगलबार सम्पन्न भएको हो ।

आफ्नो विद्यालयका अभिभावकहरुलाई असल अभिभावकत्व बहन गराउने उद्देश्यसहित सचेतना कार्यक्रम आयोजना गरिएको विद्यालयका प्रध्यानाध्यापक सिमोन आले मगरले बताउनुभयो । दुई दिने कार्यक्रममा अभिभावकसँग बृहत् अन्तरक्रियात्मक ढंगबाट सहजीकरण गरिएको थियो । विद्यार्थीलाई बालमैत्री व्यवहार तथा सरसफाइमा ध्यान केन्द्रित गराउने उद्देश्यसहित कार्यक्रम गरिएको प्रध्यानाध्यापक मगरको भनाई छ ।

कार्यक्रममा अभिभावकमा हुनुपर्ने गुणहरु, भर्ना हुने उमेर समूह, भयरहित सिकाइ, दिवाखाजा, बालबालिकाहरूको बारेमा विद्यालयमा गरिने छलफल, सरसफाइ, घरायसी वातावरण, धुमपान, मद्यपान, राम्रो बोलीवचन, बाल अधिकारको बारेमा बुद्धवीर लामा र अमिर दाहालले सहजीकरण गर्नुभएको थियो । सो अवसरमा विद्यालयमा विभिन्न माध्यमबाट सहयोग पुऱ्याउनु हुने व्यक्तिहरुलाई सम्मानसमेत गरिएको थियो ।

कार्यक्रममा शैक्षिक सामग्री सहयोग गर्नुहुने इस्थर बेन्जामिन स्मृति संस्था, विद्यालयका जग्गादाता विष्णुबहादुर बोलन, संस्थापक शिक्षक जगतबहादुर आलेलाई सम्मानपत्रसहित सम्मान गरिएको थियो । उत्कृष्ट कार्यसम्पादन गर्नुहुने शिक्षकहरु शर्मिला तिमल्सिना तथा जितेन्द्र आले र बुहारीलाई शिक्षा प्रदान गर्नुहुने जीतबहादुर थोकरलाई समेत सम्मान गरिएको थियो । वार्षिक परीक्षामा उत्कृष्ट अंक ल्याउने छात्रछात्राहरुलाई पुरस्कृतसमेत गरिएको थियो । कार्यक्रममा बोल्नुहुँदै इस्थर बेन्जामिन स्मृति संस्थाका कार्यक्रम व्यवस्थापक बुद्धवीर लामाले कुनै पनि बालबालिका आर्थिक अभावले पढाइ छोड्न नपर्ने बताउँदै त्यस्ता बालबालिकाहरुलाई आफूहरुले सहयोग गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो । कार्यक्रमका प्रमुख अतिथि वडा अध्यक्ष कमलाकुमारी लामाले सम्पूर्ण अभिभावकहरुलाई आफूले सहजीकरणमा सिकेका कुराहरु आफ्नो जीवनमा पूर्णरुपले कार्यान्वयन गर्नसमेत अनुरोध गर्नुभयो ।

विद्यालय व्यवस्थापन समिति अध्यक्ष बुद्धबहादुर भोलनको सभाध्यक्ष कार्यक्रम भएको थियो । कार्यक्रममा स्थानीय वडा सदस्य तीर्थराज भोम्जन, निवर्तमान अध्यक्ष सन्त न्यासुर तथा स्थानीय समाजसेवी, बुद्धिजीवीहरुको आतिथ्य रहेको थियो ।

# हेटौंडा साइकल रन प्रतियोगिता हुँदै



समाज संवाददाता

हेटौंडाः हेटौंडामा खुला हेटौंडा साइकल रन प्रतियोगिता हुने भएको छ । आगामी शनिबार उपमहानगरपालिकाको आयोजनामा प्रतियोगिता हुने भएको नगर खेलकुद विकास समितिका प्रमुख चन्द्र शाहीले जानकारी दिनुभयो ।

उपमहानरपालिकाले पहिलो पटक साइकल रन प्रतियोगिता आयोजना गर्न लागेको हो । प्रतियोगिता शनिबार बिहान ७ बजे हेटौंडा–४ स्थित हुप्रचौरबाट सुरु भई करिब २० किलोमिटर दुरी पार गरेर पुनः हुप्रचौरमा आएर समापन हुने अध्यक्ष शाहीले बताउनुभयो । प्रतियोगितामा सहभागी जनाउन मकवानपुर जिल्लाभित्रका इच्छुकहरुले शनिबार बिहान ६ बजेर ४५ मिनेटसम्ममा फारम भर्न सकिने उहाँले जानकारी दिनुभयो । प्रतियोगितामा प्रथम, द्वितीय र तृतीय हुनेले क्रमशः ५०, ३० र २० हजार रुपैयाँ प्राप्त गर्नेछन् । यस्तै, सान्त्वना हुने दुई जनाले नगद १०–१० हजार रुपैयाँ प्राप्त गर्ने जनाइएको छ । उपमहानगरपालिकाले गत बैशाख ३ गते नयाँ वर्षको अवसरमा हेटौंडा खुला रन प्रतियोगिता आयोजना गरेको थियो ।

# इफ्साको अध्यक्षमा पुनःसुवेदी

समाज संवाददाता

हेटौंडाः अन्तर्राष्ट्रिय वन विज्ञान विद्यार्थी संगठन (इफ्सा)को अध्यक्षमा पुनः अनिल सुवेदी चयन हुनुभएको छ । सुवेदी दोस्रो कार्यकालका लागि अध्यक्ष चयन हुनुभएको हो ।

सोमबार हेटौंडास्थित त्रिभुवन विश्वविद्यालयअन्तर्गतको वन विज्ञान अध्ययन संस्थान र कृषि तथा वन विज्ञान विश्वविद्यालयमा सुवेदीको अध्यक्षतामा १५ सदस्यीय नयाँ कार्यसमिति चयन भएको छ । समितिको उपाध्यक्षमा सावित्री पुरी, सचिवमा कुशल पाठक, उपसचिवमा सिर्जना सुवेदी र कोषाध्यक्षमा अनिता अधिकारी चयन हुनुभएको छ ।

यसैगरी, कार्यक्रम संयोजकमा आशीष लम्साल, प्रमिषा जोशी, प्राविधिक संयोजकमा रमेश चौधरी, अभियान संयोजकमा असिम डुम्रे, आकृति सूर्यवंशी रहनुभएको छ । सदस्य संयोजकमा सुशीला बुढाथोकी, प्राविधिक सीप संयोजकमा शम्भु बोहरा चयन हुनुभएको छ । समितिको सदस्यहरुमा आशीष कुँवर, सुमिर श्रेष्ठ, अस्मि विक, ममता गिरी, मनिषा तिमिल्सिना चयन हुनुभएको छ । नयाँ कार्य समितिको कार्यकाल २ वर्षको रहनेछ ।

स्नातक तहमा वन विज्ञान विषय अध्ययनरत विद्यार्थीहरुले संस्थाको प्रथम सम्मेलनको अवसरमा तीन दिवसीय कार्यक्रम गरी मनाएका थिए । कार्यक्रममा इफ्साको लागि योगदान पुऱ्याउने वर्षका सामान्य सदस्य कुशल पाठक, बोर्ड सदस्य आशीष लम्साल र वर्षको सक्रिय सदस्य आकृति सूर्यवंशीलाई पुरस्कृत गरिएको अध्यक्ष सुवेदीले बताउनुभयो ।

हेटौंडास्थित त्रिभुवन विश्वविद्यालयअन्तर्गतको वन विज्ञान अध्ययन संस्थान र कृषि तथा वन विज्ञान विश्वविद्यालयअन्तर्गत् वन विज्ञान संकायमा स्नातक तहमा अध्ययनरत विद्यार्थीले विश्वविद्यालय तहमा अध्ययनरत वन विज्ञान विषयका विद्यार्थीको अन्तर्राष्ट्रिय संस्थाको रुपमा इफ्साको हेटौंडा शाखा गठन गरिएको छ ।

# उपमहानगरपालिकाले तत्काल तीनपाङ्ग्रे सवारीलाई स्टिकर नदिने

समाज संवाददाता

हेटौंडाः तीनपाङ्ग्रे सवारीलाई हेटौंडा उपमहानगरपालिकाले तत्काल थप स्टिकर नदिने भएको छ । मंगलबार हेटौंडा उपमहानगरपालिकाका उपप्रमुख राजेश बानियाँको संयोजकत्वमा बसेको बैठकले तीनपाङ्ग्रे सवारीलाई तत्काल थप स्टिकर नदिने निर्णय गरेको उपमहानगरपालिकाका प्रवक्ता सविन न्यौपानेले जानकारी दिनुभयो ।

बैठकले कागजपत्र पुगेका तर स्टिकर नपाएकाको लागि सहजीकरण गर्दै पूर्वमा ओम भवन, पश्चिममा जिल्ला प्रहरी कार्यालय, उत्तरमा लोकप्रिय होटल र दक्षिणमा सुमार्गी कम्प्लेक्स भन्दा बाहिर चलाउँदा कारबाही नगर्ने निर्णय भएको न्यौपानेले जानकारी दिनुभयो । अहिले नै थप्दा बजारको क्षमताले धान्न नसक्ने र व्यवस्थापनमा असहज हुने बताउनुहुँदै साउनमा नवीकरण गर्दा केही संख्या कम हुनसक्ने र त्यही समयमा कागजपत्र पुगेकालाई व्यवस्थापन गर्ने तयारी गरेको जानकारी दिनुभयो ।

तीनपाङ्ग्रे सवारी व्यवस्थित गर्न उपमहानगरपालिकाले २०७६ पुस ७ गतेभन्दा अगाडि हेटौंडामा चल्ने तीनपाङ्ग्रे सवारी साधनलाई स्टिकर दिएको थियो । छुटेकालाई दुई चरणमा स्टिकर प्रदान गरिएको थियो ।

# मापदण्डविपरितका टहरा हटाउन निर्देशन

समाज संवाददाता

हेटौंडाः हेटौंडा उपमहानगरपालिकाले नगरभित्रका मापदण्डविपरितका टहरा हटाउन निर्देशन दिएको छ । उपमहानगर पालिका क्षेत्रमा स्थायी घर बनाई बसोबास गरेका नगरबासीलाई पसलको माथि रहेको टपसँग जोडिएर मापदण्डविपरित बनाएको ट्रस हटाउन निर्देशन दिएको हो ।

उपमहानगरपालिकाले ११ गते (मंगलबार) एक सूचना जारी गर्दै सटर बाहिर सडक पेटीलाई छोएर बनाएको मापदण्डविपरित बनेको कठघेरा, घुम्तीजस्ता संरचनाहरु ७ दिनभित्र हटाउन निर्देशन दिएको हेटौंडा उपमहानगर पालिकाका प्रवक्ता सविन न्यौपानेले बताउनुभयो । उपमहानगरपालिकाले सूचना जारी गर्दै तोकिएको समयभित्र टहरा नहटाएमा नियम अनुसार हेटौंडा उपमहानगरपालिकाले हटाई आवश्यक कारवाही गरिने न्यौपानेले जानकारी दिनुभयो ।

मुख्य बजार क्षेत्रमा स्थायी घर भएकाहरुले सडक पेटीमा टहरा निर्माण गरी सामान बिक्री गर्ने गरेकाले पेटीबाट हिँड्ने मानिस सडकबाट हिँड्नाले सडक दुर्घटनाको जोखिम बढेको छ । फुटपाथ अतिक्रमण भएकाले गत मंसिर अगावै १० नम्बर वडा अध्यक्ष फुर्वा दोर्जे लामाको संयोजकत्वमा समिति गठन गरी व्यवस्थापन गर्ने निर्णय भएको र अहिले कार्यान्वयनमा ल्याउन लागिएको उहाँले बताउनुभयो ।

# सिंहभैरबको अभिभावक भेला सम्पन्न

समाज संवाददाता

हेटौंडाः मकवानपुर जिल्लाको इन्द्रसरोवर गाउँपालिका–४, लप्सीखोलामा रहेको सिंहभैरब आधारभूत विद्यालयको ४६ औं अभिभावक भेला सम्पन्न भएको छ । विद्यालय व्यवस्थापन समितिका अध्यक्ष विवश लामाको सभाध्यक्ष तथा इन्द्रसरोवर गाउँपालिकाका अध्यक्ष देवकृष्ण पुडासैनीको प्रमुख आतिथ्यमा बुधबार भेला भएको हो ।

भेलामा मन्तव्य राख्नुहुँदै अध्यक्ष पुडासैनीले विद्यालयको भौतिक संरचना विकासका लागि प्रदेश सरकारमा पहल गरिने प्रतिबद्धता जनाउनुभयो । २०७२ सालको विनाशकारी भूकम्पपछि ३ कोठे भवनलाई ६ कोठे बनाएर कक्षा सञ्चालन गरिँदै आइरहेको विद्यालयका प्रधानाध्यापक भीमबहादुर स्याङ्तानले जानकारी दिनुभयो । अहिले विद्यालयका लागि भौतिक पूर्वाधारको अभाव रहेको उहाँले बताउनुभयो ।

भेलामा २०७८ सालमा पालिकास्तरमै उत्कृष्ट हुनुभएका गणित शिक्षक दीपकप्रसाद पजियार र अतिरिक्त क्रियाकलापमा सहयोग पुऱ्याएकोमा निजीस्रोत शिक्षक कान्छा लामालाई सम्मानित गरिएको छ । विद्यालयको कक्षागत प्रथम, द्वितीय र तृतीय भएका विद्यार्थीलाई पुरस्कृत गरिएको छ । अभिभावक राजकुमार डिम्डुङले विद्यालयले कमीकमजोरीलाई सुधार गरेकाले शिक्षण सिकाई राम्रो पाइएको बताउनुभयो । विगतको तुलनामा विद्यार्थी संख्या बढेको भएपनि पछिल्लो समय कम विद्यार्थी भर्ना भएको उहाँको भनाई छ ।

गत शैक्षिक सत्रमा ७० जना विद्यार्थी भर्ना भएकोमा चालु शैक्षिक सत्रको हालसम्म ६० जना मात्र विद्यार्थी भर्ना भएका छन् । इन्द्रसरोवरमा २१ वटा विद्यालय रहेका छन् । पातलो बस्तीका कारण विद्यार्थीको संख्या कम रहेको छ ।

# १४ बोरा गाँजा बरामद

मोरङः मोरङ प्रहरीले लुकाएर राखिएको अवस्थामा १४ बोरा गाँजा बरामद गरेको छ । जहदा गाउँपालिका वडा नम्बर २ बेरियारी टोलस्थित मजेबुल मियाको मकै बारीमा लुकाएर राखिएको ४ सय २२ केजी गाँजा प्रहरीले बरामद गरेका हो । विशेष सूचनाको आधारमा इलाका प्रहरी कार्यालय रानी र लागूऔषध नियन्त्रण ब्युरो रानी विराटनगरबाट खटिएको संयुक्त टोलीले गाँजा बरामद गरेको र यसबारे थप अनुसन्धान कार्य भइरहेको प्रहरी नायव उपरीक्षक रञ्जनकुमार दाहालले जानकारी दिए ।

(स्रोतः रातोपाटी)

भर्ना खुल्यो !! भर्ना खुल्यो !!
नयाँ वर्ष २०८० सालको उपलक्ष्यमा विद्यार्थी, अभिभावक, शिक्षक तथा समस्त शुभचिन्तकहरूमा हार्दिक मङ्गलमय शुभकामनासहित
शैक्षिक सत्र २०८० को लागि कक्षा नर्सरी देखि कक्षा ९ सम्म भर्ना खुलेको सहर्ष जानकारी गराउन चाहन्छौं ।
Entrance प्रवेश परिक्षा भइरहेको जानकारी गराउन चाहन्छौं।
आधारभूत तथा माध्यमिक तहको Entrance परिक्षा चैत २९ गते हुनेछ ।
पूर्व प्राथमिक तथा प्राथमिक तहको Entrance परिक्षा चैत ३० गते हुनेछ ।
Tulasi Mehar Memorial Secondary School
Hetauda-10
Contact no:057-520737, 9855071876

हेटौंडा रिफरेन्स ल्यावरोटरी
ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।

Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।
साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।
(HRL)
खुल्ने समयः विहान ७ :00 बजेदेखि बेलुका ७ :00 बजेसम्म
सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५0 प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं।
थप जानकारीको लागि HRL
हेटौंडा रिफरेन्स ल्यावरोटरी,
हेटौंडा–१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७–५२०४५७

स्वादिष्ट नेवारी खाजा


अब
होटल बासुकला (फास्टफुड) मा
स्वादका पारखीको विश्वास जित्दै २५ बर्षदेखि निरन्तर सेवामा समर्पित स्वादिष्ट नेवारी खाजा घरमा स्वागत गर्दछौं ।
नेवारी खाजा सेट, म:म, चाउमिन, बारा, योमरी लगायतका खाजा खान हार्दिक स्वागत गर्दछौं ।
होम डेलिभरीको पनि सुविधा रहेको जानकारी गराउँदछौं ।
०५७-५२६०१३

RELIANCE
ENGLISH SECONDARY BOARDING SCHOOL
ठेगाना हेटौडा-५, सनोपोखारा

भर्ना खुल्यो!!
२०८०
नर्सरी देखि ९ सम्म

| कक्षा | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ |
|---|---|---|---|---|---|---|---|---|---|
| सीट संख्या | ११ | ६ | १२ | ८ | १० | ७ | ९ | ८ | ३ |

थप जानकारीको लागि
९८०२५३९५७७ | ९८०२५३९५७३ | ९८०२५३९५७५

के तपाई पौडी सिक्न चाहनुहुन्छ ?
सहभागी हुन सक्ने उमेरः
७ बर्ष भन्दा माथी
समयः
विहानः ८:00 बजे देखि ११: 00 बजेसम्म
दिउँसोः २:00 बजेदेखि ५: बजेसम्म

थप जानकारीको लगि सम्पर्कः
HETAUDA FUTSAL AND SPORTS CENTER
BHUWAN SINGH PATH, KAMALDANDA, HETAUDA
CONTACT NO. 9845700596, 057-523533

समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ